मोदी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पातिचौर, पर्वत

गण्डकी प्रदेश, नेपाल


पत्र संख्या :- २०८२/०८३
चलानी नं :-

[redacted]

**सूचना नं.:** ८२ मिति: २०८२/१२/०४

## गाउँपालिका भित्रका बजार क्षेत्रको फोहोरमैला व्यवस्थापनको लागी जग्गा भाडामा लिने बारेको सुचना ।

मोदी गाउँपालिकाको वडा नं २ ५ र ६ का बजार क्षेत्रबाट दैनिक रुपमा उत्सर्जन हुने फोहोरजन्य पदार्थहरुको प्रभावकारी व्यवस्थापनको लागी प्राविधिक तथा पर्यावरणिय रुपले उपर्युक्त जग्गा प्रचलित कानुन बमोजिम भाडामा लिनुपर्ने भएको हुँदा तपशिल बमोजिमका न्यूनत्तम सुविधा तथा क्षेत्रफल भएको जग्गा भाडामा दिन ईच्छुक जग्गाधनिहरुले आवश्यक कागजात संलग्न राखी खामबन्दी गरी भाडा वापतको रकम अंक र अक्षरमा उल्लेख गरी यो सुचना प्रकाशन भएको मितीले १५ (पन्ध्र) दिनभित्र गाउँकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ।

तपशिल

**१. भाडामा लिने जग्गामा हुनुपर्ने न्यूनत्तम सुविधाहरु**

क) पक्की सडक वा चारपाङ्ग्रे सवारी साधनहरु निर्वाध रुपमा ओहोरदोहर गर्न सक्ने (कम्तिमा १५ फुट चौडा) सडकले छोएको हुनुपर्ने ।

ख) क्षेत्रफल कम्तिमा २.५ रोपनी हुनुपर्ने ।

ग) कुने पनि प्रकारको विवाद वा मुद्दा मामिलामा नरहेको हुनुपर्ने ।

घ) गाउँपालिकाको प्रशासनिक केन्द्रबाट बढीमा ५(पाँच) किलोमिटर परिधिभित्र हुनुपर्ने।

ङ) सम्भव भए सम्म छेउछाउमा मानव बस्ति नभएको र पर्यावरणीय रुपले कुनै पनि प्रकारको असर नपर्ने स्थानमा रहेको जग्गा ।

च) कम्तिमा पाँच वर्षको लागी भाडामा दिन सकिने जग्गा ।

छ) कबोल गरेको भाडा रकमको १० प्रतिशत जग्गा बहाल कर जग्गाधनी स्वयंले तिर्नुपर्ने।

ज) खानेपानीको स्रोत तथा खोला नदीबाट कम्तिमा पाँच सय मिटर टाढा हुनुपर्ने।

झ) ऐतिहासिक धार्मिक सांस्कृतिक पर्यटकिय स्थलहरु बाट टाढा हुनुपर्ने।

ञ) सडक मार्गको सहज पहुँच हुनुपर्ने ।

ट) भाडामा दिने जग्गामा कुनै पनि प्रकारको भौतिक संरचनाहरु जस्तै टिनका टहरा ट्रस आदी निर्माण भएको अवस्था भएमा त्यस्ता जग्गालाई प्राथमिकता दिन सकिनेछ।

**२. निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु**

क) जग्गा धनिको नागरिकताको प्रमाणपत्रको छायाँप्रति ।

ख) जग्गा धनि प्रमाणपुर्जाको छायाँप्रति ।

ग) नापी कार्यालय पर्वतबाट हालसालै जारी भएको नक्साको सक्कल प्रति ।

२०८२/१२/०४

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

घ) आ व २०८१।०८२ सम्म तिरो तिरेको रसिदको छायाँप्रति ।

ङ) आँफुले पेश गर्ने निवेदनमा प्रष्ट रुपमा प्रति रोपनी के कति दरमा वार्षिक भाडामा लिने हो सो रकम अंक र अक्षरमा प्रष्ट रुपमा खुलाउनुपर्ने ।

नोटः प्राप्त निवेदनहरु माथी गाउँपालिकाले गठन गरेको मुल्यांकन समितिले आर्थिक सामाजिक धार्मिक सांस्कृतिक पर्यावरणिय/वातावरणीय पक्षको समग्र मुल्यांकन गरी जग्गा भाडामा लिन सिफारिस गर्नेछ। जग्गा भाडामा लिने वा नलिने वा कुन जग्गा भाडामा लिने सम्बन्धी सर्वाधिकार गाउँकार्यपालिकाको कार्यालयमा निहित रहनेछ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत